# मलाई जोगाउने सेल्टरहरू



गोमा देवकोटा
केन्द्रीय सल्लाहकार परिषद् उपाध्यक्ष

**आजादको हत्या**

२०३७ फागुन १२ गतेको दुर्घटनाले मेरो र हाम्रा चार जना छोराछोरीको जीवन पूरै परिवर्तन गरिदियो। २०३२ सालमा भीमानमा रहेको घर र जमिनमा सरकारले हात्ती लगाएर उजाड बनाएपछि हामी सुकुम्बासी बनेका थियौँ। पति ऋषिराज देवकोटा (क. आजाद) भूमिगत भए पनि उहाँको प्रत्यक्ष अभिभावकत्व छँदै थियो। उहाँले हामीलाई आफू संलग्न रहेको पार्टी नेकपा (चौम)का साथीहरूको घर काउछेमा केही समय राखेर महोत्तरीका सेल्टरहरू हुँदै पार्टीको भूमिगत हेडक्वार्टर भारत पुऱ्याउनुभएको थियो। त्यहाँबाट २०३५ सालमा फेरि काउछे हुँदै म ठूलो छोरा सुवासलाई भीमानमै छाडेर माइती बितिजोर हर्कपुर पुगेकी थिएँ। कान्छी छोरी जोशिला माइतीमै जन्मिइन्। त्यसै बेला आजादलाई प्रहरीले पक्राउ गरेको र दुई दिनपछि हत्या गरेको खबर पाएपछि म होसहवास गुमाउँदै छोराछोरीसहित पर्सिपल्ट भीमान आईपुगेँ। देवर रमेश र छोरा सुवाससहित केही शुभेच्छुक लिएर आजादको वधस्थल पुगेर उहाँको शव जलाएको खरानी उठाउँदै हत्याको बदला लिने कसम खाएँ।

आजादले तत्कालीन चौमसँग मतभेद बढ्दै गएपछि र नेकपा (माले)सँग एकता प्रक्रिया सुरु भएपछि मलाई मालेका स्थानीय साथीहरूसँग सम्बन्ध बढाएर सङ्गठित हुन सल्लाह दिइसक्नुभएको थियो। आजादले नेकपा चौमबाट राजीनामा दिनुभएपछि मालेसँग नजिक हुनुभएका र भीमानबाट रौतहटको चन्द्रनिगाहपुर बसाइँ जानुभएका उद्धव दाहालले नेकपा (माले)ले छोराछोरीसहित मलाई पनि आश्रय दिने खबर सुनाउँदै भोलिपल्ट नै भीमान छाड्नुपर्ने बताउनुभयो। उहाँ त्यो बेला जनकपुर—काठमाडौँ रात्रिबस चलाउनु हुन्थ्यो। उहाँले भने अनुसार हामी बजार छाडेर धनुषाको लालगढ

जाने बाटोको एकान्तस्थलबाट ट्रकमा उहाँकी बहिनी निर्मला दाहालको डेरा जनकपुर पुग्यौँ। त्यहाँ दुई दिन बसेर उद्धवको घर चन्द्रनिगाहपुर पुग्यौँ।

आजादले नेकपा चौमबाट राजीनामा दिएर निर्माण गर्नुभएको नेकपा (विद्रोही एकता केन्द्र) र नेकपा (माले)बीच एकता प्रक्रिया चल्दै गरेको बेला उहाँको हत्या भएकाले हाम्रो आशा र भरोसा नेकपा (माले) मात्र थियो। त्यसैले, उसैको सहारा र विश्वासमा म चार नाबालक छोराछोरी च्यापेर अज्ञात स्थलतर्फ यात्रा गरिरहेकी थिएँ। २९ वर्षकी म, नौ वर्षको जेठो छोरा सुवास, पाँच वर्षकी छोरी कल्पना, तीन वर्षको छोरा सरोज र छ महिनाकी छोरी जोशिला। त्यस्तो परिस्थितिमा मेरो मनस्थिति कस्तो थियो होला, अहिले कल्पना गर्दा पनि आफैँ आत्तिन्छु। तर, त्यस बेला छोराछोरीलाई जसरी पनि हुर्काउँछु र आजादको हत्याको बदला लिन जहाँ जेजस्तो गर्नुपर्छ, गर्छु भन्ने आँट र विश्वास ममा भरपूर थियो।

झण्डै एक हप्तापछि हामी चन्द्रनिगाहपुरबाट हेटौँडा पुग्यौँ, बद्री खतिवडाको घरमा। बद्री थुनामा हुनुहुन्थ्यो। उहाँका छोरा विरोध वारेन्टेड भएकाले घरमा हुनुहुन्नथ्यो। बद्रीकी पत्नी र छोरी घरमा हुनुहुन्थ्यो। त्यही घर (सेल्टर) मै मकुन्द न्यौपाने र वीरबहादुर लामासँग भेट भयो। केही दिनमा छोरा सुवासलाई चितवन पठाइयो। चितवनमा विष्णु घिमिरेको घरमा एक महिना बसेपछि सुवासलाई पुनः काठमाडौँ ल्याइयो। त्यतिबेला अन्य तीन छोराछोरी र म काठमाडौँ पुगिसकेका थियौँ।

**सर्वोच्चमा मुद्दा**

काठमाडौँ पुगेर पार्टीको व्यवस्थापनमा अधिवक्ताहरू विश्वकान्त मैनाली र विष्णुबहादुर राउतको सहयोगमा २०३७ चैत १३ गते सर्वोच्च अदालतमा प्रहरीले पक्राउ गरी राखेको भन्दै आजादलाई खोजी पाऊँ भनी संविधानको धारा ७१ अन्तर्गत बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दिएँ। त्यस मुद्दामा त्यस बेलासम्मको सबैभन्दा धेरै एक सयभन्दा बढी वकिलले बहस गरे। न्यायाधीश धनेन्द्रबहादुर कार्कीले मैले विपक्षी बनाएका गृह मन्त्रालयदेखि भीमान प्रहरी चौकीसम्म ७ वटा निकायलाई लिखित जवाफसहित बन्दीलाई समेत उपस्थित गराउन आदेश जारी गरेकामा सबै निकायले जालझेलपूर्ण जवाफ दिँदै हत्या गरिएको स्विकार गरे। यो मुद्दाले राजाले नेतृत्व गरेको निरङ्कुश पञ्चायती व्यवस्थाको दमनकारी नीतिलाई प्रस्ट पार्न सहयोग पुऱ्याएको थियो।

त्यही क्रममा पार्टीले हामीलाई चाबहिल महाङ्कालको एउटा कोठामा डेरा लिएर बस्ने व्यवस्था गऱ्यो। त्यसै घरको एउटा कोठामा चाबहिलमै घर भएका तर परिवारसँग कुरा नमिलेर घर छाडेका विनोद र सानु मिश्र दम्पती बस्नुहुन्थ्यो भने अर्को कोठामा नेकपा (माले)ंका तत्कालीन महासचिव सीपी मैनालीकी पत्नी सीता खड्कालाई व्यवस्थापन गरेर राखिएको थियो। हाम्रो परिवार र सीताको खर्चको व्यवस्थापन स्थानीय पार्टीमा संलग्न कर्मचारी साथीहरूले गर्नुभएको थियो। त्यहीँ बस्दाबस्दै छोरा सुवासलाई काभ्रे पठाइयो भने छोरी कल्पनालाई काठमाडौँको बालाजुमा गोपाल शाक्यकी पत्नी शारदा कोइरालाको माइतीघरमा छाडियो। मचाहिँ छोरा सरोज र जोशिलालाई लिएर रूपन्देहीको कालिकानगरमा रहेको देवेन्द्र घिमिरेकी पत्नी गोमाको माइतीघर पुगेँ। देवेन्द्र पनि त्यहीँ बस्नुहुन्थ्यो। त्यहाँ केही दिन बसेपछि छोरा सरोजलाई त्यहीँ छाडेर कान्छी छोरी जोशिलालाई लिएर देवेन्द्र घिमिरेसँगै नेपालगन्जमा शिक्षक चन्द्रबहादुर ठकुरीको घर पुगेँ। आमासहित बस्नुभएका ठकुरीको घरमा मलाई छाडेर देवेन्द्र फर्किनुभएपछि मेरो साङ्गठनिक जीवन सुरु भयो। मलाई त्यहाँ कुनै कमिटीमा त राखिएको थिएन, तर गोविन्द कोइरालाका भाइ अशोक कोइरालाको घरमा भएको भेलामा सहभागी भएको र बोलेको मलाई अहिले पनि सम्झना छ।

बाँके—बर्दियामा झण्डै तीन महिना बस्दा बर्दियाका धेरै ठाउँका महिला भेलामा सहभागी भएँ। बर्दियाको एउटा महिला भेलामा सहभागी हुँदाको घटना बिर्सिनै नसक्ने बनेको छ। बेलुकाको खाना खाएर माथिल्लो तलामा महिला भेला सुरु हुनै लाग्दा त्यस घरका पुरुष साथीले मलाई ‘महिला अधिकारका कुरा नगर्नुहोला, वर्गीय विषयमा मात्र कुरा गर्नुहोला’ भन्नुभयो। मैले ‘तपाईं सुन्नुहोला, म आफ्नो कुरा राख्छु’ भनेँ। मैले कुरा राख्न थालेपछि उहाँ तल जानुभयो र श्रीमतीलाई बोलाउनुभयो। केही बेरपछि घात्राकघुत्रुक र रोएको आवाज सुनियो। एकछिनपछि पहिले श्रीमती र पछि श्रीमान आउनुभयो। पछि थाहा भयो– मेरो कुरा चित्त नबुझेर उहाँले श्रीमतीलाई पिट्नुभएछ र साथीहरूले सुन्लान् भन्दै रुन पनि नदिएर ‘नेता नबन्न’ धम्काउनुभएछ। ती महिला साथीको अनुहार मलिन देखेपछि उहाँलाई नै कमिटीको अध्यक्ष बनाउने योजना बनाएका हामीले अर्कै साथीको अध्यक्षतामा ११ सदस्यीय कमिटी बनाएर कार्यक्रम सम्पन्न गऱ्यौँ।

उहाँ त्यसरी आक्रोशित हुनुमा श्रीमतीले महिला अधिकारबारे हाम्रो विचारमा सहमति जनाएकामा चित्त नबुझ्नु मुख्य कारण रहेको हाम्रो ठम्याइ रह्यो। त्यो उहाँभित्र रहेको पुरुषवादी सोचाइ थियो। त्यसबाहेक, पार्टीप्रतिको विश्वास र गोपनीयता कायम राख्ने विषयमा उहाँमा कुनै कमजोरी थिएन।

पार्टीका सेल्टर अर्थात् आश्रयस्थलदाताहरू आमरूपमा सहयोगी हुन्थे। व्यक्तिगत समस्या समेत बुझेर पूर्णकालीन कार्यकर्ताहरूलाई सबै प्रकारका सहयोग गर्न तत्पर हुन्थे। कडा भूमिगत पार्टीका कार्यकर्ताहरूलाई आश्रय दिनु त्यो समयमा निकै ठूलो जोखिमको काम थियो। नेकपा (माले)का कार्यकर्ताहरूको फलानो घरमा आउजाउ छ भन्ने थाहा पाउँदा मात्र पनि घरधनीलाई पक्राउ गरेर राजकाज मुद्दा लगाइएका कैयौँ उदाहरण छन्। निरङ्कुश पञ्चायती व्यवस्था कतिसम्म क्रूर थियो भने हाम्रो परिवार भारत जाने बेला हाम्रो एउटा बाख्रा पाल्नेलाई भीमान काउछेमा पक्राउ गरेर राजकाज मुद्दा लगाएको थियो। झापा आन्दोलनको विरासत बोकेको नेकपा (माले)का नेता–कार्यकर्ताप्रति प्रशासन अत्यन्त असहिष्णु थियो। र, त्यसबाट बचेर पार्टीलाई विस्तार गर्न पार्टीले कार्यकर्ताहरूको नाम र सबै प्रकारका परिचय गोप्य राख्ने अत्यन्तै सुरक्षित कार्यशैली अपनाएको थियो।

बाँकेको खजुरामा बालकृष्ण पौडेलको घरमा एउटा प्रमुख सेल्टर थियो र म त्यहाँ धेरै पटक पुगेकी थिएँ। प्रावि शिक्षक उहाँको घरमा पार्टीका नेता–कार्यकर्ता आउँदा खानाको अभाव नहोस् भनेर बाग्लुङ घर भई नेपालगन्जको बैंकमा कार्यरत दिवाकर पौडेलले चामल, गहुँको पीठो लगायत खाद्यान्न किनेर राखिदिनुहुन्थ्यो। दिवाकरको पार्टीप्रति समर्पण यस्तो थियो कि उहाँले आफ्नो सम्पूर्ण तलब नै पार्टीका लागि खर्च गर्नुहुन्थ्यो। सेल्टरहरूको व्यवस्थापनको यो भिन्नै प्रकारको उदाहरण थियो।

त्यहाँ जिम्मेवारी पूरा गरिरहेका बेला, रूपन्देहीमा रहेको छोरा सरोज आत्तिएको खबर आएपछि पार्टीले मलाई रूपन्देही नै फर्कायो। वामदेव गौतमले कालिकानगरमा गोमा केसीको घरमा छोरा सरोजलाई लिएर आउनुभयो। त्यही क्षेत्रमा कार्यरत गोपाल शाक्य र उहाँकी पत्नी शारदा कोइरालासँग पनि त्यहाँ भेट भएको थियो।

## गण्डकी र धवलागिरिमा एक दशक

पार्टीले मलाई गण्डकी पठाउने निर्णय गरेपछि सरोज र जोशिलालाई लिएर २०३८ को असार–साउनतिर पोखराको चिप्लेढुङ्गाको बास्तोला गाउँमा पार्टीको सम्पर्क सूर्य अधिकारीको डेरामा पुगेँ। त्यसपछिका मेरो झण्डै एक दशक गण्डकी र धवलागिरि अञ्चलका विभिन्न जिल्लाको पार्टी निर्माणमा बित्यो।

त्यहाँ पुगेको केही महिनापछि कास्कीको पुरानो चौरको एउटा घरमा भएको महिला भेलाले अध्यक्ष गोमा देवकोटा, सचिव प्रभा कोइराला, सदस्यहरू विनीता कतिला, शकुन्तला सुवेदी, तारा नेपाली रहेको अखिल नेपाल महिला सङ्घ जिल्ला

समिति निर्माण गऱ्यो। समितिमा म पूर्णकालीन थिएँ भने प्रभा केही समय अर्धभूमिगत रहेर खुला हुनुभयो। अरू घरमै बसेर सङ्गठनका काम अर्धभूमिगत रूपमा गर्नुहुन्थ्यो।

म त्यहाँ पुगेको केही दिनमै छोरा सरोजलाई बासु शाक्यले पर्वत लैजानुभयो भने जोशिला सूर्य अधिकारीकै घरमा बसिन्। कास्कीको हरियाखर्कमा कुष्ठरोग अफिसमा कार्यरत सूर्य केही महिनापछि आफ्नै घर बेगनास बस्न थाल्नुभएपछि मेरो मुख्य सेल्टर पनि बेगनास नै बन्न पुग्यो। उहाँको घरमा नियमित आउजाउ गर्दा गाउँले र प्रशासनले सोध्दा बँच्नलाई उहाँकी बैनी भनेर परिचय दिइयो। कुनै हिसाबले शङ्का नहोस् भनेर सूर्यले मेरा लागि स्विटर बुन्ने मेसिन किनिदिनुभयो। स्विटर बुनेर छोरी पाल्न यहाँ बसेकी भन्ने अर्को परिचय निर्माण गरियो। त्यो परिचय पुष्टि होस् भनेर मैले पनि स्विटर बुन्न सिकेँ र कार्यक्रम नभएका बेला त्यहीँ आएर स्विटर बुन्न थालेँ। वाध्यताले निर्माण भएको उहाँसँगको दाजू–बहिनीको सम्बन्ध दुई परिवारबीच आजपर्यन्त कायम छ।

भूमिगत जीवनको एउटा डरलाग्दो घटना म कहिल्यै पनि बिर्सिन सक्दिनँ। भएको के थियो भने, पेसेवर कार्यकर्ता बन्न लागेकी लोचना अधिकारीसँग कास्कीको मास्टाङमा सङ्गठन विस्तार गर्ने सूत्र खोज्दै उहाँको ठूली आमाकी छोरी पार्वती लामिछानेको घरमा पुग्यौँ। त्यहाँका छोरीबुहारी सामूहिक रूपमा गुन्द्री बुन्ने डोरी बाटिरहेका बेला हामीले महिला अधिकार र बुहारीहरूमाथि परिवारबाट भएका अन्यायबारे आफ्ना कुरा राख्यौँ। यसबाट उहाँहरू प्रभावित भएपछि हामीले अनेमसङ्घको कमिटी निर्माण गऱ्यौँ। कमिटीमा बसेपछि उहाँहरूमध्ये केहीले विदेशमा रहेका आफ्ना श्रीमानलाई महिला अधिकारका विषयमा चिठी पठाउनुभएछ। श्रीमतीहरूको चेतना फेरिएको थाहा पाएर अचम्ममा परेका उनीहरूले आफ्ना घरमा अभिभावकसँग बुहारीले लेखेका चिठीबारे सोधखोज गरेछन्। आफ्ना छोरीबुहारीलाई नयाँ कुरा कसले सिकाएछ भनेर सोधखोज गर्ने क्रममा अनेमसङ्घको सदस्यता पनि उनीहरूले भेटेछन्।

यी सबै घटनाक्रमको भेउ नपाएकी म एकदिन बेगनासबाट कालिकास्थानमा रहेको पार्टीका कार्यकर्ता मानबहादुर जीसीको घरमा जाँदै गर्दा मास्टाङको सौर्यमा बेलुकापख १०—१५ जना केटाहरूले मेरो बाटो छेके। र, उनीहरूमध्ये केहीले, 'ए इन्दिरा गान्धी ! हाम्रा महिलाहरूलाई बिगार्ने तैँ होइनस् ?' भन्दै अनेक अपशब्द बोल्दै घेरे। पार्टीका कागजात र दस्तावेज बोकेकी थिएँ, पुलिस बोलाएर बुझाउलान् भनेर आत्तिएँ। जसरी पनि त्यहाँबाट उम्किन 'म तपाईंहरूले भनेको मान्छे होइन, माइतबाट घर फर्कंदै गरेको चेली हुँ' भनेर पहिले नै मनमनै तयार पारेको परिचय दिएँ। तर, उनीहरूले 'गाउँ बिगारालाई मोसो दलेर घुमाउनुपर्छ, प्रहरीकोमा बुझाउनुपर्छ'

लगायत धम्की दिइरहेपछि त्यहाँबाट उम्किने कुनै उपाय पाइनँ। यस्तैमा हुल बाहिर एक जना पार्टी समर्थक शिक्षकलाई देखेपछि उनीहरूले प्रहरीलाई बुझाए पनि उहाँले पार्टीमा कुरा पुऱ्याउनुहोला भन्ने अलिकति आशा पलायो। झण्डै आधा घण्टा चलेको आतङ्कपछि दुई–तीन जना पाकाहरू आएर 'माइतीबाट घर जान हिँडेकी चेलीलाई यस्तो दुर्व्यवहार नगर' भन्दै हकारपकार पारेपछि उनीहरूले बाटो छाडे र म सुरक्षित रूपले मानबहादुर जीसीको घर पुगेँ। सुरक्षित रूपमा आश्रयस्थल पुगेपछि मास्टाङमा आफूमाथि परेको विपतको विस्तृत विवरण बताउँदा घरका बुवाआमाले त्यस ठाउँमा पञ्चायती मण्डलेहरू बढी भएकाले आउँदा दिनमा जोगिएर हिँड्न सल्लाह दिनुभयो।

आम भूमिगत कार्यकर्ताभन्दा महिला कार्यकर्ताका थप र छुट्टै समस्या हुन्थे। दिउँसो हिँड्दा नयाँ मान्छे देखेर सोधीखोजी हुने तथा प्रशासनमा खबर पुग्ने भएकाले राती हिँड्नुपर्ने वाध्यता हुन्थ्यो। सधैँ साथी नहुने हुँदा एक्लै हिँड्नुपर्थ्यो र त्यो खतरा हुने नै भयो। पुरुष साथीहरूसँग हिँड्दा सेल्टरका खासगरी महिलाहरूले अर्कै दृष्टिले हेर्नुभएको पनि कैयौँ ठाउँमा महसुस गरेकी छु।

त्यसैगरी, घरमूली कार्यकर्तासँग पार्टी कामबारे गोपनीयता राख्न एक्लै कुरा गर्नु त्यसबेलाको वाध्यता थियो। त्यसो गर्दा घरकी महिलाले शङ्का गर्ने गरेको आफैँले कैयौँ ठाउँमा भोगेकी छु। त्यस्ता ठाउँमा भान्छामै गएर महिलालाई काममा सघाउँदै पार्टीको राजनीति र पार्टी कामको गोपनीयता राख्न एक्लै कुरा गर्नुपरेको वाध्यता बताएपछि कैयौँ महिला अनेमसङ्घमा सङ्गठित भएर पछि राम्रो कार्यकर्ता पनि भएका थिए। पार्टीका कागजपत्र ओहोरदोहोर गर्न पुरुषभन्दा महिलाबाट सजिलो र सुरक्षित हुने भएकाले उनीहरू पार्टीका लागि उपयोगी बनेका कैयौँ घटना छन्।

गण्डकी र धवलागिरिमा कार्यरत रहँदा धेरै कमले मात्र मलाई गोमा देवकोटाका रूपमा चिन्थे। कास्कीमा रहँदा मेरो भूमिगत नाम गौरी र विभा थियो भने धवलागिरिमा गौरी मात्र। पार्टी कार्यकर्ता र सेल्टरदातालाई मेरो विगत, घर, परिवार कुनै विषयमा जानकारी थिएन। नेता/कार्यकर्ताको व्यक्तिगत परिचय सोध्नुहुन्न भनेर प्रशिक्षित गराइएकाले अरूले पनि सोध्दैनथे, मैले पनि चासो राख्न मिलेन। त्यो बेला त्यो कार्यशैली उपयुक्त भए पनि अहिले यो लेख लेख्ने क्रममा कैयौँ कार्यकर्ता र सेल्टरदाताको छद्म नाम मात्र थाहा भएकाले सम्पूर्ण विवरण खुलाएर लेख्न गाह्रो परेको छ।

अनेमसङ्घ कास्कीको जिल्ला अध्यक्ष भएको एक वर्षपछि गण्डकी र धवलागिरि अञ्चलका जिल्लाहरू मिलाएर बनाइएको अनेमसङ्घको उत्तरपश्चिम क्षेत्रीय कमिटी निर्माण भयो। त्यसको अध्यक्षमा उमा हमाल हुनुहुन्थ्यो भने म सदस्य

थिएँ। कमिटीका अरू सदस्यमा दीपा गुरुङ, टुका हमाल, छली कुवँर हुनुहुन्थ्यो। यो कमिटी बनेपछि मेरो कार्यक्षेत्र गण्डकी र धवलागिरिका सबै जिल्ला बने। यता, पार्टीको बेगनास, हंशपुर, मास्टाङ, कालिकास्थान लगायत समेटिएको इलाका कमिटीमा म सदस्य थिएँ। अनेमसङ्घको क्षेत्रीय कमिटीको बैठक पालैपालो हरेक जिल्लामा गरिन्थ्यो। एक दिन कास्कीको खुदी मुहानबाट बेगनासमा रहेको गोकर्ण तिवारीको घरमा रात पारेर जाँदा सुन्दरे डाँडाको जङ्गलमा बाघ कराउँदा उमा, म, दीपा, टुका, शकुन्तला सुवेदी निकै आत्तियौँ। टर्च नबाली हिँड्नुपर्ने त्यो बेला डरले बाटो छाम्दै राती १ बजे गोकर्णको घर पुग्यौँ। त्यहाँ हाम्रो इन्चार्ज केशवलाल श्रेष्ठ र सुशीला श्रेष्ठको सहभागितामा बिहान चार बजे बैठक सकाएर म बेगनासमै सूर्यको घरमा बसेँ भने अरू साथीहरू राती नै हिँड्नुभयो। त्यही बेलुका अनेमसङ्घको स्थानीय कमिटीको बैठक गर्न खगराज अधिकारीको घरमा पुगेँ। ऋषिमाया अधिकारीको अध्यक्षतामा रहेको कमिटीमा सीता अधिकारी, यमकुमारी अधिकारी र राजकुमारी अधिकारी हुनुहुन्थ्यो। अघिल्लो रात नसुतेकाले निद्राले सताएपछि खगराजको आमासँग 'निद्रा भगाउन' केही माग्दा करेलाको अचार दिनुभयो। त्यो अचारले मेरो पेट दुखाएर अचाक्ली भएपछि साथीहरू आत्तिएर गोकर्णको घरमुनि रहेको आयुर्वेदिक अस्पताल पुऱ्याउनुभयो। अस्पतालमा कार्यरत नरबहादुर श्रेष्ठ (दोलखा) ले दबाइ दिएपछि निको भएर म सूर्य अधिकारीको घर फर्कें।

पश्चिम क्षेत्रमा त्यसबेला पार्टीको मुख्य नेता जीवराज आश्रित हुनुहुन्थ्यो भने कास्की जिल्ला सचिव त्रिलोचन ढकाल। पछि त्रिलोचन उत्तर–पश्चिम क्षेत्रीय कमिटीको सचिव पनि हुनुभयो। कास्कीमा पूर्णकालीन कार्यकर्ताहरू मुख्य गरी शिव कोइराला (अनिल), शिव पौडेल (उमेश) मीन पौडेल (लाल), महिलाहरूमा लोचना अधिकारी, प्रभा कोइराला, सीता गिरी हुनुहुन्थ्यो।

त्यसो त कास्कीमा म धेरै सेल्टरदाताको घरमा पुगेकी छु। कैयौँ आमा, बुवा र सम्पूर्ण परिवारको स्नेह पाएकी छु। तर, अहिले सम्झनामा रहेका मुख्य सेल्टरहरूमध्ये ह्याङजामा जयप्रकाश बास्तोला, बाटुलेचौरमा सोमनाथ अधिकारी 'प्यासी', रामचन्द्र अधिकारी, कृष्ण थापा, कास्कीकोटमा खेम सुवेदी, भीम सुवेदी, रूपाकोटमा राजेन्द्र सुवेदी, हंशपुरमा लक्ष्मी सुवेदी, दिवाकर सुवेदी, लोकनाथ सुवेदी, दाङसीमराङका विजय बनवासी पौडेलका घरहरू तथा पोखरा बजारमा डेरा लिएर बसेका भीमानकै उद्धव दाहालकी बहिनी सुशीला र उहाँका श्रीमान् इश्वर आचार्य र चूडामणि जङ्गलीका डेरा थिए। लम्जुङको भोटेओडारमा ईश्वरी खनाल (जसलाई 'पार्टीकी आमाको घर' भनिन्थ्यो) महेन्द्र श्रेष्ठ, दोर्दीतिङमा टुका हमाल, बेसीसहरमा टीका बस्नेत, बमबहादुर

थापा, रामचन्द्र विक, आरसी बोहराका घर सेल्टर थिए। लम्जुङको महिला भेलामा कास्कीबाट मलाई पहिलो पटक त्यहाँका पार्टी सचिव प्रेमनारायण पौडेलले लैजानुभएको थियो। स्याङ्जामा मुख्यगरी त्रिलोचन ढकाल, धर्मदत्त देवकोटा, गुमानसिंह थापा, उमेश थापा, लक्ष्मी कार्कीका घर म जाने गरेका सेल्टर थिए।

२०४२ सालको असारमा कास्कीको बेगनाससमा पार्टीको केन्द्रीय विस्तारित बैठक आयोजना गरिएको घटना महत्त्वपूर्ण थियो। आफू सङ्गठित इलाकामै पार्टीको केन्द्रीय तहको कार्यक्रम भएकाले त्यसको तयारी, व्यवस्थापन र सुरक्षाको जिम्मेवारी हामीले पाउनु स्वाभाविक थियो। त्यसको जिम्मेवारी लिएर केन्द्रबाट वामदेव गौतम एक हप्ताअघि नै त्यहाँ पुग्नुभएको थियो। खुदीको मुहान, हंशपुर, कालिकास्थानजस्ता मुख्य नाकाहरूमा निगरानीका लागि स्थानीय कार्यकर्ताहरू खटाइएको थियो। गोकर्ण तिवारीको खाली घरमा बैठकस्थल थियो, सुरक्षाका लागि स्थानीय लडाकूको टोली पनि परिचालित गरिएको थियो। हामी निगरानी र व्यवस्थापनमा खटिएका थियौँ। पानीले भिजेर आएका नेताहरूको उरुङ कपडा सुकाउन सकस परेको अहिले पनि सम्झना छ। बैठकमा ३० जनाजति नेताहरू मात्र सहभागी रहनुभएको मेरो अनुमान छ। गाउँमा पार्टीका समर्थक धेरै र विरोधी निकै कम भएकाले चार दिनसम्म त्यत्रो बैठक चल्दा पनि कुनै समाचार बाहिरिएन, निर्विघ्न चल्यो।

## धवलागिरिमा रहँदा बहुदल आयो

२०४४ सालमा पर्वतको कार्कीनेटा, वितलव, ठूलीपोखरी, कुस्मा, बाजुङलगायत स्थानमा रहेको पार्टीको इलाका कमिटीमा रहने गरी पार्टीले मलाई त्यता पठाएदेखि बहुदल आएपछिको केही समयसम्म करिब अढाई वर्ष मेरो कार्यक्षेत्र धवलागिरिमै रह्यो। अनेमसङ्घको उत्तरपश्चिम क्षेत्रीय कमिटीमा रहेकाले धवलागिरिका सबै जिल्लामा म पहिले नै पुगेकी थिएँ। तर, पहिले जिल्लास्तरीय महिला बैठक र भेलामा मात्र सहभागी हुने गरेकाले मेरो सम्पर्क र चिनजान गण्डकीमा जस्तो सघन थिएन। अब भने कार्यक्षेत्र परिवर्तन भएर त्यहाँ पुगेकी थिएँ। तर, धवलागिरि कार्यक्षेत्र बन्दा पनि क्षेत्रकै केन्द्र भएकाले बेलाबेला पोखरा आउजाउ भइरहन्थ्यो।

धवलागिरिमा पार्टीको काम गर्दा पनि मसँग केही नबिर्सिने स्मरण छन्। पर्वतको कार्कीनेटामा भोला उपाध्यायको घरमा पार्टीको योजना बैठक हुने गरेको खबर विरोधीले थाहा पाएर प्रहरीकोमा पुऱ्याएछन्। त्यस्तैमा राती १० बजे म उहाँको घरमा पुग्दा भोलालाई प्रहरीले पक्रेर लगिसकेकाले घरमा पत्नी मात्र हुनुहुँदो रहेछ। छोराछोरी बाहिर भागिसकेका रहेछन्। त्यस्तो परिस्थितिमा पार्टीको पूर्णकालीन कार्यकर्तालाई

देखेपछि उहाँले आत्तिएर मलाई राती नै घर छाड्न कर गर्नुभयो। त्यति राती अन्त जाने कुनै उपाय नदेखेपछि मैले कोही आए नाता लगाएर भए पनि रहने अवस्था बनाउन सकिन्छ भन्दै अनुनय गरेँ र उहाँको अस्विकारबीच पनि म जबरजस्ती बसेँ। तर, कोही आएनन् र सुरक्षित रूपमा भोलिपल्ट बिहानै चार बजे उठेर त्यहाँबाट हिँडेँ।

पर्वतको अर्को घटना पनि बिर्सिन नसकिने प्रकारको छ। पर्वत जिल्ला कमिटीका त्यस बेलाका उपसचिव शिव पौडेल र म देवपुरमा रहेको प्रेम चापागाईंको घरबाट खाना खाएर राती ९ बजे हिँड्यौँ। र, १० बजे प्रेम पौडेलको घर बाजुङ बेसीमा पुग्यौँ। घरका सबै निदाइसकेकाले चकमन्न थियो। बुवा पार्टीविरोधी भएकाले सतर्कतापूर्वक प्रेमलाई उठाएर बाजुङ गाउँमा शोभाकर अधिकारीको घरमा बैठकका लागि लग्यौँ। तर, प्रेम पौडेललाई निद्रामा उठाउँदा मूर्च्छा पर्ने रोग रहेछ। त्यसबारे थाहा नहुँदा कुनै सतर्कता अपनाउने कुरा भएन। हिँड्दाहिँड्दै उहाँ लड्नुभयो। अँध्यारो रात बत्ती पनि नबाली हिँडेका हामीले उठाएर हेर्दा उहाँको टाउको फुटेर रगतको भल बगेको देख्यौँ। त्यसपछि के गर्ने भनेर आत्तिँदै पानीको आवाज आएतिर गएर त्यहीँ फेला परेको ब्याट्रीको खोलमा पानी ल्याएर छेपेपछि उहाँ बिउँझिनुभयो। त्यसपछि उहाँ आफैँले ठिक भयो भन्नुभएपछि आड दिँदै शोभाकरको घरमा पुऱ्यायौँ। तर, उज्यालोमा प्रेमको कपडाभरि रगत लागेको देखेर शोभाकरको आमा आत्तिनुभयो। गाउँमा औषधि गर्न जान्ने पार्टीकै समर्थकलाई खोजी गरेर भेट्यौँ। उहाँले औषधि गरेपछि बैठक गर्न सम्भव भयो।

पर्वतको लेखफाँटबाट शिव पौडेल, जीत पुन र म कालिगण्डकीको तीरैतीर कुस्मामा रहेको तोयानाथ चालिसेको घर जाने क्रममा भएको अर्को घटना पनि बिर्सिनै नसकिने खालको छ। कैयौँ दिनदेखि ननुहाएका र कपडा नधोएका हामीले नुहाउने र लुगा धुने सल्लाह गऱ्यौँ। म नदीको अलि माथि बसेर नुहाउन थालेँ भने उहाँहरू अलि तल बस्नुभयो। नुहाउन नदीभित्र पस्दा शिव पौडेललाई पानीले बगाउन खोजेछ र आत्तिएर उहाँ कराउन थाल्नुभएपछि जीतले तानेर बल्लतल्ल बचाउनुभएछ। यो झण्डै–झण्डैको दुर्घटनाबारे मैले केही बेरपछि मात्र थाहा पाएँ। त्यसपछि त्यही घटनाबारे चर्चा गर्दै हामी तोयानाथको घरमा पुग्यौँ। पर्वतमा मेरो सम्झनामा शिव पौडेलबाहेक अरू पूर्णकालीन भूमिगत कार्यकर्तामा सचिव किरण गुरुङ, देवबहादुर पौडेल, यमबहादुर विक, चक्र पराजुली हुनुहुन्थ्यो। त्यसैगरी, कृष्णप्रसाद भट्टराई, भुवन गुरुङ, मोती पौडेल, गणेश पौडेल, छली कुँवर, तारा सापकोटा, पुष्पा पौडेल, टीका गुरुङ, पार्वती तिमिल्सिना, गणेश तिमिल्सिना, अम्बर गुरुङ, अनिरुद्र गौतम, झलक गौतम, प्रेम चापागाईं, भीम बीसीका घर प्रमुख सेल्टर थिए। प्रायः म पुगिरहने म्याग्दीमा तीर्था श्रेष्ठ, लक्ष्मण बानियाँ,

थममाया थापा, नवराज पौडेल, बाग्लुङमा कृष्ण अधिकारी, गोविन्द अधिकारीका घर सेल्टर थिए।

२०४६ जेठ २९ र ३० गते अनेमसङ्घ पहिलो राष्ट्रिय सम्मेलनमा भाग लिन कीर्तिपुर आएको सन्दर्भ स्मरणीय छ। सम्मेलनमा भाग लिन म पर्वतबाट पोखरा आएँ र उमा हमालसँग अमरसिंह चोकबाट रात्रिबस चढेर काठमाडौँ पुगेँ। कीर्तिपुर पुगेपछि सम्पर्क पाउने टुङ्गो उतैबाट भएअनुसार सम्पर्क व्यक्तिले सम्मेलन स्थलमा पुऱ्याए। पार्टीका तत्कालीन महिला इन्चार्ज जीवराज आश्रित प्रमुख अतिथि रहेको सम्मेलनले अष्टलक्ष्मी शाक्य अध्यक्ष, पूर्णशोभा चित्रकार महासचिव, मसहित १३ सदस्यीय केन्द्रीय समिति चयन गऱ्यो। सम्मेलन यसरी निर्विघ्न सम्पन्न भए पनि अन्तिम दिन खाना खानुअघि सुरक्षामा खटिएका साथीहरूले प्रहरीले घेरा हालेको बताएपछि हामी खाना छाडेर तितरबितर हुनुपरेको थियो।

२०४६ सालको भदौमा पार्टीको चौथो महाधिवेशनमा सहभागी हुन नपाएकामा मलाई अहिले पनि गुनासो छ। त्यसअघि पर्वतमा देवबहादुर पौडेल, शिव पौडेल र म बसेर पार्टीको कुनै कामका लागि शिव पौडेललाई प्रतिनिधि पठाउन देवबहादुरले प्रस्ताव गरेपछि सहमति जनाएकी थिएँ। तर, त्यसरी गरिएको छनोट महाधिवेशनका लागि भन्ने मैले पछिमात्र थाहा पाएँ। महाधिवेशनका लागि निश्चित प्रतिनिधि तोकिएको र धेरै प्रतिनिधि हुँदा त्यस्तो कठिन बेला सुरक्षामा समस्या आउने भएकाले सीमित प्रतिनिधि मात्रै सहभागी गराउनु स्वाभाविक भए पनि म एक जनालाई त्यत्रो महत्त्वपूर्ण अवसरमा सहभागी गराउँदा के बिग्रिन्थ्यो र भन्ने गुनासो मनमा धेरै पछिसम्म रहिरह्यो।

महाधिवेशनपछि पार्टीको कार्यदिशा परिवर्तन भएको बिस्तारै महसुस हुन थाल्यो। छिट्टै नै २०४६ फागुन ७ देखि गरिन लागेको जनआन्दोलनको तयारीमा सम्पूर्ण पार्टी पङ्क्ति लाग्न थाल्यो। तयारी बैठकहरू आयोजना हुन थाले। बीबीसी रेडियोमा काठमाडौँ, पोखरामा भएका गतिविधि सुन्ने क्रम बढ्यो। आन्दोलनको उतारचढावबीच चैत २५ गते राती हामी पर्वतको बितलवबाट राँके जुलुस निकालेर कुस्माबाट देखिने जङ्गलतर्फ लागेका थियौँ। त्यसपछि छिन्नभिन्न भएर राती पुष्पा पौडेलको घरमा सुतिरहेकामा २७ गते बिहान गणेश पौडेल आइपुग्नुभयो। मुलुकमा भएको राजनीतिक परिवर्तनबारे अन्जान रहेको मलाई उहाँले नै 'बहुदल आइसक्यो, अब निस्किनूस् कमरेड, केही खतरा छैन' भनेर जानकारी दिनुभयो। घरबाहिर निस्केर गाउँमा हेर्दा रुखबुटाहरूमा कम्युनिस्ट र काङ्ग्रेस पार्टीका झण्डा फहराइरहेका थिए। त्यसपछि म सदरमुकाम कुस्मा

पुगेँ र २८ गते दिउँसो कुस्मामा ठूलो सर्वदलीय विजय सभामा मैले पनि बोलेँ। त्यसको पर्सिपल्ट बाग्लुङमा आयोजित सर्वदलीय सभामा पनि बोलेँ।

बहुदल आएपछि राजनीतिक अवस्था पूरै परिवर्तन भएकाले अब कोहीसँग डराउनुपर्ने र भूमिगत हुनुपर्ने विषय रहेन। पार्टीका अरू नेताहरू पनि आफ्ना गृहजिल्ला फर्किन थाल्नुभएकाले मलाई पनि पार्टीले सिन्धुली पठाउने निर्णय गऱ्यो। जसअनुसार पहिले पर्वत र पछि कास्कीमा पार्टीका साथीहरूले बिदा गरेर वैशाख मध्यतिर सिन्धुली पठाउनुभयो।

कान्छी छोरी जोशिला तीन वर्षदेखि सिन्धुली भीमानमा रहेको मावलीमा बसेर पढिरहेकी थिइन्। जेठो छोरा सुवास काठमाडौँबाट सिन्धुली पुगिसकेको थियो। कान्छो छोरा सरोज कास्कीकोटमा खेमराज सुवेदीको घरमा बसेर पढ्दै थियो। जेठी छोरी कल्पना काठमाडौँमा पढ्दै थिइन्। भीमानमा हामी सबै एउटै ठाउँमा बस्न आफ्नो घर बनाउन बाँकी थियो। त्योसँगै त्यहाँ पार्टीलाई विस्तार गर्न र जनतामा स्थापित गराउनुपर्ने महत्त्वपूर्ण जिम्मेवारीको महसुस भइरहेको थियो।

सिन्धुली पुग्दै गर्दा म जीवराज आश्रितले अलि पहिले नै 'नआत्तिनूस् कमरेड, हाम्रो पनि परिवार सँगै बस्ने, ढिँडो आँटो जे हुन्छ बाँडीचुँडी खाने दिन आउँछ' भनेको वाक्य सम्झिरहेकी थिएँ। ●